# प्रदेश नं. ५,सहकारीसंस्था दर्ता दिग्दर्शन, २०७७

**१. परिचय :**

नेपालको संविधानमा प्रदेशको एकल अधिकार सूची (अनुसूची-६) र साझा अधिकार सूची (अनुसूची-७ र ९)मा सहकारी सम्बन्धी विषय रहेको छ। नेपाल सरकार(मन्त्रिपरिषद्) बाट स्वीकृत कार्य विस्तृतीकरणमा प्रदेशस्तरकासहकारी संघ संस्थाहरुको दर्ता, संचालन, प्रवर्द्धन एवं नियमन लगायतका कार्यहरु प्रदेशको अधिकार क्षेत्रभित्र रहने प्रष्ट गरिएको छ।सोहीबमोजिम प्रदेश नं. ५बाट सहकारी दर्ता, अनुमति, खारेजी र विघटन लगायतका व्यवस्थापकीय कार्यहरुको सम्पादनमा सहयोग पुऱ्याउनभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो दिग्दर्शन बनाएको छ।

**२. क्षेत्राधिकारः**

दर्ता, अनुमति, खारेजी र विघटन लगायतका सहकारी नियमन सम्बन्धी कार्यहरुमा दुई वा सो भन्दा बढी स्थानीय तह क्षेत्राधिकार भएका प्रदेश नं. ५ भित्रका सहकारी संस्थाहरु पर्छन्।जस अन्तर्गतदेहायका सहकारी संस्थाहरु पर्छन् :-

क.प्रदेशनं.५ मादर्ता हुने सबै सहकारी संस्थाहरु,

ख.यसअघि दर्ता भएका दुई वा सो भन्दा बढी स्थानीय तह कार्यक्षेत्र कायम रहेका प्रदेश नं. ५ भित्रका जुनसुकै सहकारी संस्थाहरु,

ग.संघवा स्थानीय तहमा दर्ताभएका तर पुर्नःगठनको प्रक्रियाबाट प्रदेशस्तरका सहकारी कायम हुने जुनसुकैसहकारी संस्थाहरु।

**३. कानून :**

सहकारी संस्थाको दर्ता लगायतका नियमनसम्बन्धी सम्पूर्ण कार्यका लागि प्रदेश नं. ५, सहकारी ऐन,२०७६ र प्रदेश नं. ५, सहकारी नियमावली, २०७६रहेका छन्।

**४. दर्ता गर्ने अधिकारी :**

प्रदेश नं. ५, अन्तर्गत कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्तालगायतका नियमन, प्रर्वद्धन र प्रशिक्षणका कार्यहरु समेत गर्ने गरीप्रदेश नं. ५,सहकारी ऐन, २०७६ र प्रदेश नं. ५, सहकारी नियमावली, २०७६बमोजिम मन्त्रालयबाट तोकिएको रा.प. द्धितीय श्रेणी वा सो सरहको कर्मचारीले दर्ता अधिकारीको रुपमा कार्य गर्नेछ।

५. सहकारीपन :

दर्ता अधिकारीले सहकारी संस्थाहरुको दर्ता गर्दा सहकारीपनको सुनिश्चितता गर्नु पर्छ। यदि सुनिश्चितता नभएमा :-

क.आर्थिक क्रियाकलापलाई लोकतान्त्रिक ढङ्गले सङ्गठित गर्ने सहकारी विधि स्थापित हुन पाउदैन।

ख. सहकारी संस्था टाठाबाठाहरुको स्वार्थपूरा गर्ने माध्यम बन्दछ।

६. सङ्गठनः

व्यवसायका लागि निर्माण गरिएको साधारण सङ्गठन सहकारी होईन। व्यक्ति, बसोबास, नागरिकता हुँदैमा पनि सहकारी संस्था बन्दैन।सहकारिताका लागि स्वाबलम्वन र पारस्परिकता चाहिन्छ।सहकारी सदस्य बीच स्वावलम्बनको पारस्परिक अभ्यास कतिको प्रभावकारी हुन्छ भन्ने निर्धारण गरी संस्थाको गठन गर्न सकिने हुन्छ। तसर्थ सहकारी दर्ता गर्दा तलका मध्ये कुन वर्गको सहकारी संस्था गठन गर्न खोजिएको हो स्पष्ट हुनुपर्छ।

क. प्राथमिक उत्पादक

कम्तीमा उत्पादनमा लाग्ने ५० प्रतिशत श्रम आफू वा परिवारका सदस्यहरु मिलेर गर्ने व्यक्तिलाई प्राथमिक उत्पादक भनिन्छ।(जस्तैः कृषि उपज फलाउने, पशुपन्छी पाल्ने कृषकहरु,साहित्यका रचनाकारहरु प्राथिमक उत्पादक हुन।)

ख. वास्तविक श्रमिक

कम्तीमा उत्पादनमा आफू वा परिवारका सदस्यहरुले ५० प्रतिशत श्रम लगाएको अवस्थालाई वास्तविक श्रमिक भनिन्छ।वास्तिवक श्रमिकहरु दुई थरी हुन्छन सेवा दिने र वस्तु बनाउने जस्तैः भरिया, कुचिकार, चौकिदार आदिसेवा दिने श्रमिक हुन भने चित्रकार, मुर्तिकार आदि वस्तु बनाउने श्रमिक हुन।

ग. सर्वसाधारण उपभोक्ता

दैनिक आवश्यकताका वस्तु उपभोग गर्ने गृहस्थ उपभोक्ता हुन्। यात्री, ऋणी, बिरामी जस्ता सेवाका उपयोगकर्ता पनि उपभोक्तामा पर्दछन । बिजुली बाल्नेहरु, वालबच्चा पढाउनेहरु, रचाना पढ्नेहरु आदि उपभोक्ता हुन्।उपभोग नगर्ने त कोही हुदैन, सहकारीकर्मीले भने वैधानिक उपभोक्ताको कुरा गर्दछन्।वैधानिक उपभोक्तालाई सर्वसाधारण वा आम उपभोक्ता पनि भनिन्छ।खुद्रा व्यापारीलाई दैनिक आवश्यकताका वस्तुको उपभोक्ता भनिदैन, बस मालिकलाई यात्रु मानिदैन र साहुलाई ऋण सेवाको उपयोगकर्ता गनिदैन।

७. **साझा बन्धन :**

सहकारिता उन्नयनको पारस्परिक प्रयास हो। आपसमा सक्दा दिने आवश्यक पर्दा लिने कार्यलाई पारस्परिकता भनिन्छ। पारस्परिकताका लागि सदस्यहरुमा साझा बन्धन चाहिन्छ। सदस्यहरुले आफूमाझ भेट्टाइरहने र त्यसका कारण एक अर्कामा आफन्ती भाव रहिरहने कुरो नै साझा बन्धन हो। छिमेकमा बस्ने अनेक मानिसहरु छिमेकी नाताले एक हुन्छन्। त्यस अर्थमा छिमेक साझा बन्धन बन्दछ। सहकारी संस्थाहरु प्रायः छिमेककै साझा बन्धनका रुपमा खडा हुने गर्दछन्। त्यसैले सहकारी संस्था दर्ता गर्दा साझा बन्धन कायम भएको हुनुपर्छ। जस्तै:

क. पेशाको नाता (जस्तैः खेतीपाती वा चियाको खेती, कालीगडी, रिक्सा चालक,शिक्षक, कर्मचारी, प्राध्यापक आदि) र

ख. अर्को सङ्गठनको नाता (जस्तै: साहित्यिक समाज वा गजलकारको समाज, मजदुरहरूको सङ्गठन, अपाङ्गता भएका व्यक्तिहरुको संघ आदि)।

८. **सरोकारः**

सहकारी संस्थामा सदस्यको सरोकार लगानीमा प्रतिफल प्राप्ति नभएर उत्पादनमूलक, उपभोगजन्य वा स्वरोजगारीमूलक सेवा प्राप्ति हो। संस्थामा सरोकार जति भयो त्यतिनै सदस्य सहभागिता हुने नै भयो। संस्थाका गतिविधिहरुमा सदस्यहरु नाम मात्रको सरोकार हुँदा सतही रुपमा सहभागी हुन्छन्। त्यसैले सहकारी संस्था दर्ता गर्दा संस्थापक सबै सदस्यहरुको सघन सरोकार सुनिश्चितता भएको हुनुपर्छ।

९. **विषयः**

सहकारी संस्था दर्ता गर्दा सहकारीको किसिमको पनि विचार गर्नुपर्ने हुन्छ। सहकारी संस्थाको मूल वर्गीकरण उत्पादक, श्रमिक र उपभोक्ता नै हो। यी तीन आयाम प्रत्येक विषयहरु अन्तर्गतका सहकारीहरुमा छुट्याउन सकिन्छ। (जस्तै: उत्पादक संस्थाहरुमाः दुग्ध कृषक, माछापालक कृषकका व्यवसाय विशेषमा केन्द्रित प्रकारहरु हुन सक्छन्। उपभोक्ता संस्थाहरुमा पनि विजुली बचत ऋण सेवा, स्वास्थ्य सेवालगायतका किसिम छुटिन्छन्। त्यसैगरी औद्योगिक उत्पादनमा हस्तकला, श्रम करार, श्रमिक सहकारीता पनि विभिन्न विषयमा विकसित हुन सक्दछ।)

उत्पादकवाश्रमिक वा उपभोक्ता एकै थरी सदस्य हुने संस्थालाई विषयगत भनिन्छ। उदाहरणका लागि सदस्यहरु सबै चियाखेती गर्ने भए संस्था चियाको विषयगत हुन्छ र सेवाहरु चियामा केन्द्रित हुन्छन। विषयगत सहकारी

संस्थाहरु वस्तु विशेषका वा कार्य विशेषका आधारमा हुन सक्छन। जस्तो कृषि सहकारी संस्था कार्य विशेषको हो भने कफी सहकारी संस्था वस्तु विशेषको हो।

केही सदस्यहरु तीनै थरीका सहकारीमा आवद्ध हुन सक्छन्। खासगरी ग्रामीण समुदायमा खेतीपाती गर्ने, श्रम गर्ने र उपभोग गर्ने र तीनथरी परिवारहरु सँगै बस्दछन्। समुदायका सबै जना सबैका यावत् आवश्यकताहरु पूरा गर्ने र साझा आकांक्षाहरु हासिल गर्ने गरी सहकारी ढाँचामा सङ्गठित हुँदा अझ राम्रो भयो। वास्तवमा सहकारी विचारको प्रारम्भ नै समुदाय बनाउने चिन्तनबाट भएको थियो। तिनै थरी आर्थिक प्रकृति भएका समुदायका व्यक्तिहरुको सङ्गठन विषयगत नभएर बहुउद्देश्यीय कहलाईन्छ र सदस्यहरुको आर्थिक प्रकृति अनुसारको उत्पादन, उपभोग र स्वरोजगारीका कार्यहरुमा केन्द्रित हुन्छ। यसलाई बहुउद्देश्यीय सहकारी संस्था पनि भन्ने चलन छ। यसरी सहकारी दर्ता गर्दा विषयगत स्पष्टता हुनुपर्छ।

एक मात्र कार्य गर्ने संस्थालाई विषयगत र अनेक कार्य गर्ने संस्थालाई बहुउद्धेश्यीय भन्ने बुझाई पनि उपयुक्त होईन विषयगत संस्थाले पनि सदस्यको आवश्यकता हेरी विभिन्न सेवा सञ्चालन गर्न सक्दछन्। विषयगत उत्पालनमुलक संस्थाका सेवाहरु पनि एकीकृत हुनुपर्दछ भन्नाको मतलव जुनसुकै संस्थाले जुनसुकै सेवा संचामलन गर्न सक्दछ भन्ने पनि होईन। संस्थाको प्रकृति अनुसार सेवाहरुमा स्वाभाविक सीमाकंन हुन्छ मूख्यत: देहायका तीन थरी बन्देजहरु मननयोग्य हुन्छन।

क. बचत परिचालनमा बन्देज,

बहुउद्धेश्यीय, उत्पादनमुलक, स्वरोजगारमुलक सहकारी संस्थाहरुले बचत परिचालन सेवा संचालन गर्दा प्रति सदस्य मासिक बचत रु. १ देखि रु. १००० सम्मसंकलन गर्न सक्छन्। त्यसमाथि संकलित बचतको दायित्व सो समेत जम्मा वार्षिक व्यावसियक कारोवारको ३० प्रतिशत नाघ्नु हुदैन।

ख. सेवाको विविधतामा बन्देज,

विषयगत सहकारी संस्थाका समस्त सेवाहरु वस्तु विशेषको भएमा वस्तुमा र कार्य विशेषको भएमा कार्यमा केन्द्रित हुनुपर्दछ।

ग. कार्यक्षेत्र विस्तारमा बन्देज

व्यवासियक कार्यक्षेत्र वस्तु विशेषको वियषगत संस्थाको हेरी कार्य विशेषको विषयगत संस्थाको र कार्य विशेषको विषयगत संस्थाको हेरी बहुउद्धेश्यीय संस्थाको कार्यक्षेत्र फराकिलो हुन्छ। तर भोगौलिक कार्यक्षेत्र त्यसको ठिक उल्टो हुन्छ, भौगोलिक विस्तारको सम्भावना सबैभन्दा बढी वस्तु विशेषको विषयगत संस्थाको हन्छ त्यसपछि कार्य बिशेषको विषयगत संस्थाको र त्यसपिछ मात्र बहुउद्धेश्यीय संस्थाको हुन्छ।

उपयुक्त सबै मापदण्डका आधारमा प्रारम्भिक सहकारी संस्थाहरु बहुउद्धेश्यीय वा देहायका विषयका विषयगत रुपमा दर्ता गर्न उपयुक्त हुन्छ।

क उत्पादक संस्था:

कृषि, दुग्ध, चिया,कफि, उखु, फलफुल र माछापालन विशेषका विषयगत र अगुवा बाली एवं उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमुलक संस्थाहरु उत्पादक सहकारी संस्था हुन।

ख उपभोक्ता संस्थाः

उपभोक्ता, भण्डार, बचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथिमक आवश्यकता एवं सेवा योजना समेतका आधारमा अन्य उपभोक्ताजन्य संस्था उपभोक्ता सहकारी संस्था हुन।

ग श्रमिक संस्थाः

हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवं स्वरोजगारको आधारमा अन्य श्रममा आधारित संस्था श्रमिक सहकारी संस्था हुन।

घ बहुउद्धेश्यीय संस्थाः

उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वारोजगारीको सेवा समेत संचालन गर्ने अन्य बहुमुखी संस्था बहुउद्धेश्यीय सहकारी संस्था हुन।

**१०.पूर्व शिक्षा :**

वैचारीकरुपमा पूर्ण तर व्यवहारमा प्रशस्त विचलन देखिएको आन्दोलन सहकारी पनि हो। सहकारितामा राजनीतिक तटस्थ हुनुपर्छ। सहकारी संस्थाको शेयर किन्नु भनेको कम्पनीको शेयर किने जस्तो होईन र सदस्यहरुले बचत बैंक नसम्झेर सक्रियरुपमा सञ्चालकीय जिम्मेवारी लिने गरी मात्र सहकारी संस्थाको सदस्यहुनुपर्छ।अतः दर्ता गर्ने अधिकारी वा निजले तोकेको अधिकारीले दरखास्तवालाहरुलाई कम्तीमा एक (१) दिनको पूर्व सहकारी शिक्षा प्रस्तावित संस्थाको तर्फबाट गराउनु पर्छ।तर विशष्टिकृत सहकारी संघ र अन्य संघहरुको दर्तामा पूर्व सहकारी शिक्षा आवश्यक नहुन सक्छ।

**११. विनियमः**

सहकारी संस्थाको विनियम संस्थापनको विधानमात्र होईन, यद्यपी सदस्यहरुको आकांक्षाको विज्ञप्ती पनि हो। विनियममा सङ्गठनको प्रयोजन खुल्नुपर्छ, सेवाहरुको रुपाङ्कन हुनुपर्छ, र सशक्तीकरणका प्रक्रियाहरु स्थापित गरिनुपर्छ। विनियममा सहकारी दर्शन भेटिनु पर्छ। सुशासनका मालिकहरु विनियममै मिल्नु पर्छ। विनियम

सहकारी सदस्यहरुको रचनाको उपज पनि हनुपर्छ। सहकारी संस्थाको विनियम संस्थाहरुको आकंक्षा झल्किने वडापत्र हुनु पर्छ। प्रस्तावित प्रावधानहरू सहकारी सिद्धान्त,प्रदेश नं. ५, सहकारी ऐन, २०७६ र प्रदेश नं. ५, सहकारी नियमावली, २०७६ बमोजिम हुनुपर्छ। विनियमको विषयवस्तुको साथै जुनसुकै संस्थाको विनियममा छुट्याउन नहुने व्यवस्थाका नमुनासमेत अनुसची-४ मा उल्लेख गरिएको छ।

**१२. कार्यविधि :**

सहकारी स्थापना कार्यविधिलाई गठन तथा दर्ता गरी दुई पाटामा हेर्न सकिन्छ। गठनको प्रक्रिया आवेदकहरुले पूरा गर्नु पर्ने हुन्छ भने दर्ता प्रक्रिया दर्तागर्ने अधिकारीले। त्यस्तै गठन परिकल्पना प्रयत्न, परामर्श, परिमार्जन र पूर्वतयारीको विस्तृतः अनौपचारिक शृङ्खला हो भने दर्ता प्रारुपको अध्ययन, प्राज्ञिक प्रतिक्रिया, प्रमाणहरुको छानविन, प्रत्यक्ष परीक्षण र आवश्यक पत्राचार लगायतका औपचारिक शृङ्खला पालना गर्नुपर्ने हुन्छ।

**१२.१. गठन कार्यविधि :**

**क. आपसी छलफल :**

वैचारिक स्तरमा संस्थाको उपादेयताको प्रारम्भिक लेखाजोखानै आपसी सरसल्लाह हो। आपसी भनेपछि जसका लागि संस्था चाहिएको होउनीहरु बिचको भन्ने त प्रष्टै भयो, उनीहरु भन्दा परका कसैका अथवा उनीहरु मध्येकै टाठाबाठा मात्रको प्रभाव विनाको भन्ने पनि वोध हुन्छ। पहिलो दिनदेखि नै स्वैच्छिक सदस्यताको भावनाबाट काम भएमा स्वामित्व सुनिश्चित हुने हो। आपसी सरसल्लाह दुई चार महिना नै चल्न सक्दछ, जस दौरान भावी सदस्यहरुले घरघरै, साथी साथी वा समूहसमूहमा सहकारिता के हो ? किन राम्रो हो ? आफूलाई चाहिएको हो, होईन ? भन्ने खालका आधारभूत प्रश्नहरुको उत्तर प्राप्त गर्न सक्दछन्। साथै आवश्यकता अनुसार मन्त्रालयले स्थलगत अनुगमन सहितको सुझाव प्राप्त गरी अघि बढ्नुपर्नेछ।

**ख.पुर्व परामर्शः**

आपसी सरसल्लाहका क्रममा पैदा भएका अनेक जिज्ञासाहरुको समाधानविना संस्था गठन गर्नु बुद्धिमानी होइन। आपसी सरसल्लाह दौरान दर्ता गर्ने अधिकारीसँग यथाशक्य पूर्व परामर्श गरेर वास्तविक सहकारी अभ्यास एवं सम्भावनाका सम्बन्धमा प्रष्ट हुनु वाञ्छनीय हुन्छ।

**ग. पूर्व -सहकारी शिक्षा**

दर्ता गर्ने अधिकारीसँगको परामर्शबाट प्राप्त सुझावदफा-१० मा भनिए जस्तो पूर्व सहकारी शिक्षाको व्यवस्था हुन सक्दछ।

**घ. प्रथम प्रारम्भिक भेला**

प्रस्तावित संस्था गठन गर्न इच्छुक व्यक्तिहरुको प्रारम्भिक भेला बोलाउनु पर्छ। भेलामा संस्थाको किसिम अनुसार गठन गर्न कानूनतः चाहिने न्यूनतम संख्यामा इच्छुक सबै व्यक्तिहरु अनिवार्य रुपमा उपस्थित हुनुपर्छ। भेलामा उपस्थित व्यक्तिहरु मध्येबाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा बैठक बसी देहायको कार्यसूचीमा विचार विमर्श गरेर निर्णय लिनु पर्छ।

१. संस्था गठन गर्ने,
२. संस्थाको नाम र ठेगाना राख्ने,
३. उद्देश्य र संस्था दर्ता गर्ने,
४. कार्य क्षेत्र निर्धारण गर्ने,
५. शेयर प्रवेश शुल्कको रकम तोक्ने,
६. तदर्थसञ्चालकसमिति गठन गर्ने,
७. संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययनप्रतिवेदन, आर्थिक तथा प्रशासनिकनियमावली र बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिकाको मस्यौदा गर्ने,
८. शेयर र प्रवेश शुल्क वापत उठेको रकम जिम्मा दिने,
९. स्व– घोषणा गर्ने,
१०. दर्ता गर्ने अधिकारीसँग पूर्व परामर्श लिने,
११. पूर्व–सहकारी शिक्षा प्रशिक्षण गर्ने,
१२. विविध।

पहिलो प्रारम्भिक भेलाका निर्णयहरुको नमुना अनुसची-१ बाट लिन सकिन्छ।

**ङ. दोस्रो प्रारम्भिक भेला**

अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारी अनुसार विभिन्न समितिहरुले कार्य सम्पन्न गरेपछि त्यस विचमा ईच्छुक अन्य व्यक्तिहरु समेतलाई दोस्रो प्रारम्भिक भेलामा डाकी संस्थाको किसिम अनुसार गठन गर्न कानूनतः चाहिने न्यूनतम संख्या पुगेको उपस्थितीमा देहायको कार्य सुचीमा छलफल चलाएर निर्णय गर्नुपर्छ :-

१. मस्यौदा विनियम पारित गर्ने,
२. कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारुप स्वीकृत गर्ने,
३. संस्था दर्ता गर्न अधिकार प्रत्ययोजन गर्ने,
४. संस्था दर्ता पश्चात शेयर र सदस्य प्रवेश शुल्क वापत उठेको रकम बैंकमा खाता खोली जम्मा गर्ने तथा खाता सञ्चालनगर्ने,
५. स्वघोषणा पत्रमा सहीछाप गर्ने,

६. आर्थिक तथा प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका पारित गर्ने, र

७. विविध।

दोस्रो भेलाको निर्णय लेख्दा अनुसूची-२ को नमुना हेर्न सकिन्छ।

**च. संस्था दर्ताको दरखास्त :**

माथि उल्लेख भए अनुसारको प्रक्रिया पूरा गरिसकेपछि तदर्थसञ्चालकसमितिका अध्यक्षको तर्फबाट रु १०/- को टिकट टाँसी प्रस्तावित संस्थाको (दुई) २ प्रति सक्कलै विनियम लगायत देहायका कागजातहरू संलग्न राखेर दर्तागर्ने अधिकारी समक्ष दरखास्त दिनु पर्छः-

१. ऐनको अनुसूची-१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त,
२. दर्ता दिग्दर्शनको अनुसूची–१ बमोजिम पहिलो प्रारम्भिक भेलाका निर्णयहरुको प्रतिलिपि,
३. दर्ता दिग्दर्शनको अनुसूची–२बमोजिम दोस्रो प्रारम्भिक भेलाका निर्णयहरूको प्रतिलिपि,
४. नियमावलीको अनुसूची-१ बमोजिमको ढाँचामा सम्भाव्यता अध्ययन प्रतिवेदन,
५. नियमावलीको अनुसूची-२ बमोजिमको ढाँचामा आवेदकको विवरण(संस्था दर्ताको लागि),
६. नियमावलीको अनुसूची-३ बमोजिमको ढाँचामा व्यावसायिक कार्ययोजना,
७. नियमावलीको अनुसूची-४ बमोजिमको ढाँचामा रकम संकलन गरेको भरपाईको विवरण,
८. नियमावलीको अनुसूची-५ बमोजिमको ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यको विवरण,
९. नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा स्व- घोषणा-पत्र,
१०. नियमावलीको अनुसूची-७ बमोजिमको ढाँचामा अधिकार प्रत्योजन-पत्र,
११. आवेदकहरुको नेपाली नागरिकताको प्रमाण-पत्र वा राष्ट्रिय परिचय-पत्रको प्रतिलिपि,
१२. संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको पुष्ट्याई हुने प्रमाण,
१३. आवेदकहरु प्रत्येकले संस्थाको कार्ययोजना बमोजिमको सेवा उपयोग गर्ने आधार,
१४. नियमावलीको अनुसूची-८ बमोजिमको ढाँचामा आवेदक संस्थाको विवरण (संघ दर्ताका लागि),
१५. नियमावलीको अनुसूची-९ बमोजिमको ढाँचामा आवेदक संस्थाको विवरण (विशिष्टिकृत संघ दर्ताका लागि),
१६. नियमावलीको अनुसूची-१० बमोजिमको ढाँचामा विनियम।

१२.२. दर्ता कार्यविधि :

**क. प्रारम्भिक छानविन**: दर्ता गर्ने अधिकारीले सहकारी संस्था दर्ताको लागि परेको दरखास्तमा प्रारम्भिक छानविन गराउनुपर्छ। प्रारम्भिक रुपमा आवश्यक कागजातहरु पुगे, नपुगेको रुजु गरी आवेदकहरूलाई नपुग कागजातहरु पूरागर्न लगाउनु पर्छ।

**ख.विस्तृत छानविन**: दरखास्त दर्ता भएपछि संस्थाका विनियमका व्यवस्थाहरुको साथै तथ्यहरुको जाँचबुझ विस्तृत छानविनका दौरानमा गरिन्छ। संस्थाको रचना विनियमबाट हुने हुनाले प्रत्येक बन्दोबस्त सहकारीताको सिद्धान्त, कानून र वित्तीय अनुशासनका मापदण्ड बमोजिम भए नभएको विश्लेषण गर्नुपर्छ।

**ग. स्थलगत परीक्षण**:विस्तृत छानविनको क्रममा कहिलेकाहीं प्रारम्भिक छानविनकै क्रममा पनि सहकारी विधि व्यवहार अनुसार कार्य हुने हो। अथवा पेश भएका कागजपत्रहरु तथ्यपूर्ण हुन् भन्ने यकिनगर्न स्थलगत परीक्षण गरिनेछ।

**घ. विशेष परामर्श**: संस्थाको उद्देश्य वा कार्यहरुको कुनै कुरामा दुविधा वा अन्यथा उपयुक्तताको प्रश्न उत्पन्न भएको खण्डमा दर्ता गर्ने अधिकारीले सम्बन्धित निकायको परामर्श लिन सक्दछन्। कतिपय अवस्थामा निकायगत सहमति नै चाहिन्छ। उदाहरणका लागि सुरक्षाकर्मी श्रमिकहरुको सहकारी संस्था दर्ता गर्ने सिलसिलामा गृह मन्त्रालयको सहमति लिनु पर्छ। त्यस्तै सहकारीका सिद्धान्त,मुल्यर मान्यताको विषयमा सहकारी प्रशिक्षण केन्द्र जस्तो प्राज्ञिक संस्थाको परामर्श लिन सकिन्छ।

**ङ. दर्ता**: संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले निर्णय गरी अनुसूची-३ बमोजिमको दर्ता किताबमा चढाएर प्रमाणित गर्नुको साथै विनियम समेत प्रमाणित गरेर ऐनको अनुसूची-२ को ढाँचामा दर्ताको प्रमाण पत्र दिनुपर्छ।दर्ता गरिसकेपछि दर्ता नं.कायम गर्दा देहायबमोजिम गर्नु वाञ्छनीय हुन्छः-

१. सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलय वा डिभिजन सहकारी कार्यलयहरुबाट अभिलेख हस्तान्तरण भई आएका साविकका संस्थाहरुको दर्ता नं. यथावतै राख्ने,
२. मन्त्रानलयबाट दर्ता हुने संस्थाको दर्ता नम्बर एकदेखि सिलसिलेवार दिने,
३. बर्ष फेरिदा पनि दर्ता नम्बरको क्रम नटुटाउने,
४. जुनसुकै किसिमको संस्था भएता पनि दर्ता नम्बर एकै नास गर्ने, र
५. दर्ता नम्वरमा कुनै किसिमको वर्ष वा अन्य कुराको संकेत भरसक नराख्ने।

दर्ता प्रमाण पत्रमा संस्थाको विषयगत वर्गीकरण दफा ९ मा भनिए बमोजिम जनाउन सकिन्छ। महिला मात्रको संस्थाको हकमा भने महिला समेत लेखी दिनु राम्रो हुन्छ (जस्तै:महिला कफी, महिला हस्तकला, महिला बहुउद्देश्यीयआदि) दर्ता प्रमाण पत्र दुई प्रति वनाएर एक प्रति अभिलेखमा राख्नु पर्छ। त्यसैगरी विनियम, कार्य

योजना, सम्भाव्यता अध्ययन प्रतिवेदन लगायतका कागजपत्रहरु पनि एक (१) प्रति दरखास्तवालाहरूलाई दिएर एक(१) प्रति कार्यलयको अभिलेखमा राख्नुपर्छ।

**१२.३.संस्था दर्ता गर्ने आधारः**

**क. बसोबासको आधार:**बसोबासको आधारमा संस्था दर्ता गर्न संयूक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका प्राकृतिक व्यक्तिहरुले सहकारी ऐनले तोकेको संख्यामा निम्नअनुसारका कागजातहरु पेशगर्नु पर्नेछ :-

१. नेपाली नागरिकताप्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,

२. हालसालै खिचिएको पासपोर्ट साइजको एक एक प्रति फोटो,

३. कार्यक्षेत्र भित्र बसोबास गरेको तर प्रस्तावित संस्थाको कार्य क्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिको साथै कार्य क्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै १ (एक) कागजातको प्रमाणित प्रतिलिपि :
   क.परिवार सहितको बसाईसराई गरी आएको भए सोको प्रमाण-पत्र,
   ख. वैवाहिक सम्बन्धको आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाण पत्र र नाता प्रमाणित गरेको कागजातको प्रतिलिपि,
   ग. घर भएको प्रमाणित गर्न जग्गाधनी पूर्जाको प्रतिलिपि र घर नक्सा ईजाजतको प्रतिलिपि वा हालसालै विद्युत महसुल विल र मालपोत कर तिरेको रसिद,
   घ. विगत २ (दुई) वर्षदखि सम्बन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नविकरण सहितको व्यवसाय ईजाजत प्रमाण-पत्र र कर तिरेको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु,
   ङ. कर्मचारीको हकमा स्थायी नियुक्ती पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण-पत्र,
   च.सम्बन्धित कार्यक्षेत्रमा स्थाई बसोबास गरेको व्यहोरा प्रमाणित हुने वडा कार्यालयले बढीमा १ (एक) महिना अघिकोसिफारिस,
   छ. आमा, बाबु, श्रीमान श्रीमती र छोराछोरी बाहेक अन्यको हकमा एकाघर संगोलमा रहेको नाता समेत खुल्ने स्थानीय तहको सिफारिस,

४. बसोबासका आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने सम्पूर्ण (सत प्रतिशत) आवेदकहरुको बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनुपर्नेछ।

**ख. पेशा र पेशागत सङ्गठनको आधार** : सहकारी ऐनले तोकेको संख्यामा एउटै पेशा वा पेशागत सङ्गठनका व्यक्तिहरु मिली प्रारम्भिक सहकारी संस्था दर्ता गर्न सक्नेछन्। यस आधारमा संस्था दर्ता गर्नका लागि पेशा वा पेशागत सङ्गठन खुल्ने प्रमाणहरु समेत पेश गर्नुपर्नेछ। यस्ता संस्थाको कार्यक्षेत्र सदस्यहरुको पेशा अनुसार सम्बन्धित पेशागत सङ्गठनको आधारमा संस्था दर्ता गर्न सकिन्छ।

**ग.संस्थागत आधारः** सहकारी निकायमा कार्यरत कर्मचारीहरु, नेपाल सरकारको पूर्ण, अर्ध वा आंशिक स्वामित्व भएका सरकारी संस्थान वा प्राधिकरणका कर्मचारीहरु, शहरमा आई बसोबास गरेका कुनै भौगोलिक क्षेत्रका समाजमा सङ्गठित रहेका व्यक्तिहरु मात्र सदस्य हुन सक्ने आधारमा निर्दिष्ट भौगोलिक क्षेत्र वा कार्यलयको परिसरभित्र मात्र कार्यक्षेत्र रहने गरी आफ्ना सदस्यहरु माझ बचत तथा ऋणको कारोबार, सदस्यहरुको सामूहिक हित प्रवर्द्धनका लागि सामाजिक कामहरु र साँस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्ने उद्देश्य राखी वा लिई सहकारी संस्था दर्ता गर्न सक्नेछ।यस आधारमा दर्ता हुने सहकारी संस्थाका आवेदक सदस्यहरुले आवेदन पेश गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नु पर्छ :-

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति,
३. सम्बन्धित निकायको सदस्यता वा नियुक्तिको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, र
४. सम्बन्धित निकायको स्वीकृति-पत्र।

**१२.४. संस्थाको नाम :**

१.संस्थाको नाममा बैङ्क, फाइनान्स, डेभलपमेण्ट तथा वित्तीय संस्था वा कम्पनी जनाउने शब्दहरु प्रयोग गर्न पाइने छैन।

२.संस्था दर्ता गर्दा १ (एक) जिल्ला भित्र एउटा नामको मात्र संस्था दर्ता गर्न सकिनेछ।

३.प्रस्तावित सहकारीको नामसँग मिल्दो नाम जिल्लामा नभएको भनी जिल्ला सहकारी सघंको सिफारिस पत्र पेश गर्नु पर्ने छ।

४. सरकारी निकाय बाहेक अन्य कनै निकाय वा समूह वा व्यक्तिबाट प्रर्वद्धन गरिएको भनी उल्लेख भएको संघ संस्था दर्ता गरिने छैन। यस्तो शब्दको प्रयोग संस्था सञ्चालनको कुनै पनि चरणमा प्रयोगमा ल्याउन पाईने छैन।

५. तोकिएको भौगोलिक कार्य क्षेत्र भन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखी संस्थादर्ता गरिने छैन।

६.सञ्चालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडी उपसर्ग वा प्रत्यय वा अन्य शब्द जोडी संस्था दर्ता गरिने छैन।

७. संस्थाको नाम देवनागरी लिपीमा हुनुपर्नेछ। प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुई (२) अक्षरको हुनु पर्नेछ। नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन।संस्थाको नाममा सहकारी र लिमटेड शब्दको प्रयोग अनिवार्य हुनेछ।

**१३. विशिष्टिकृत सहकारी संघ सम्बन्धी व्यवस्था :**

१३.१. सहकारी संस्था दर्ता गर्दा अबलम्वन गर्नुपर्ने प्रक्रियाका अतिरिक्त विशिष्टिकृत सहकारी संघ दर्ता गर्दा देहाय बमोजिमका विषयहरुलाई समेत उल्लेख गर्नुपर्छ।

१. निश्चित व्यावसायिक उद्देश्य लिएर मात्र विशिष्टिकृत सहकारी संघ दर्ता गर्न सकिनेछ। फरक फरक प्रकृतिका उद्देश्य राखी संघ गठन गर्न पाइने छैन।
२. विशिष्टिकृत सहकारी संघ पूर्ण व्यावसायिक संस्था भएकोले दर्ता गर्दा कुनैव्यवसायसँग सम्बन्धित निश्चित विशिष्ट प्रकृतिका कार्यहरु मात्र उल्लेख गरेको हुनुपर्छ। विनियममा कार्यहरु उल्लेख गर्दा संघको उद्देश्य अनुरुपहुनुपर्छ।
३. संघको नाममा नै संघले गर्न चाहेको विशिष्ट खालको व्यवसाय खुलेको (जस्तैः दुग्ध उत्पादन विशिष्टिकृत, मासु उत्पादन विशिष्टिकृत आदि) हुनुपर्नेछ साथै प्रस्तावित संघ दर्ताको लागि विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन सहित नामका लागि अग्रीम स्वीकृति लिनु पर्नेछ।
४. संघ दर्ताका लागि कार्यक्षेत्र माग गर्दा माग गरिने कार्यक्षेत्रको स्थानीय तहको साझा बन्धन सहितकोकम्तीमा एक सहकारी संस्था संघको सदस्य हुनुपर्नेछ।
५. संघको सञ्चालक समिति निर्माण गर्दा सदस्य सहकारी संस्थाको समानुपातिक प्रतिनिधित्व गराउन भौगोलिक अवस्थिति, विषयगत सहकारी संस्था, समावेशिताका गर्नुपर्नेछ।

१३.२. **विशिष्टिकृत संघ दर्ता गर्दा आवश्यक पर्ने कागजातहरुः** संघमा आवद्ध हुने सदस्य संस्थाहरुले देहायको कागजातहरु पेश गर्नु पर्नेछ :

१. संस्थाको विनियमको प्रतिलिपि
२. संस्था दर्ता प्रमाण-पत्र,
३. लेखापरीक्षण प्रतिवेदन,
४. करचुक्ता प्रमाण-पत्र,
५. संस्था नाफामा गएको हो भन्ने खुल्ने वासलत प्रतिवेदन,
६. संस्थाको सञ्चालक समितिको निर्णय, र
७. अन्य सान्दर्भिक कागजातहरु।

## १४. अन्य संघहरु सम्बन्धि व्यवस्थाः

प्रदेश सहकारी संघ प्रदेश विषयगत सहकारी संघ जिल्ला सहकारी संघ तथा जिल्ला विषयगत सहकारी संघहरु गठन गर्दा प्रदेश नं ५ सहकारी ऐन २०७६ र नियमावली २०७६ मा उल्लेखित विषय अनुसार सहकारी संघहरु दर्ता गर्दा संघमा आवद्ध हुने सहकारी संस्थाले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

१. संस्थाको विनियमको प्रतिलिपि

२. संस्था दर्ता प्रमाण-पत्र,

३. लेखापरीक्षण प्रतिवेदन,

४. करचुक्ता प्रमाण-पत्र,

५. संस्था नाफामा गएको हो भन्ने खुल्ने वासलत प्रतिवेदन,

६. संस्थाको सञ्चालक समितिको निर्णय, र

७. अन्य सान्दर्भिक कागजातहरु।

**१५. अभिलेखः**

अभिलेख सहकारी नियमनको अभिन्न पक्ष हो। दर्ता अधिकारीले अन्यकुराका अतिरिक्त देहायका कागजतहरु सुरक्षापूर्वक राख्ने व्यवस्था मिलाउनु पर्छ।

क. सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय वा डिभिजन सहकारी कार्यालयहरुबाट हस्तान्तरण भई प्राप्त कागजातहरु,

ख. सहकारी संस्था दर्ता किताब,

ग.प्रत्येक संस्थाको दर्ता निर्णय फाईल,

घ. सहकारी संस्था दर्ता पत्रको कार्यालय प्रतिको फाइल,

ङ.प्रत्येक संस्थाको सञ्चालसँगसम्बन्धित कागजपत्रहरु रहने छुट्टाछुटै इन्डेक्स फाईल,

च. दर्ता गर्ने अधिकारीहरूबाट भएका परिपत्रहरूको फाईल,

छ. विषयगत निर्णय फाईलहरु,

ज. सघन अनुगमन प्रतिवेदन फाइलहरु,

झ. अनुदान प्रदान गरिएका सहकारी आयोजनाहरुको छुट्टाछुट्टै फाईलहरु,

ञ. खास लक्षित वर्गका सदस्यद्धारा प्रर्वद्धन गरीएका सहकारी संस्थाहरुको छुट्टाछुट्टै सहजीकरण फाईलहरु,

ट. उजुरी दर्ता किताब कारबाही फाईलहरु,

ठ. अनुसन्धानका सिलसिलामा अधिकार प्राप्त निकायबाट माग भई आएका तथा पठाइएका विवरणहरुको लगत र फाईल,

ड. सम्पत्ति शुद्धीकरण निवारण कानून अन्तर्गत जारी नियामक व्यवस्था र पालना अनुगमन एवं कारबाही फाईलहरु,

ढ. सूचनाको हक तथा अग्रतापूर्ण खुलासाको लगत तथा फाईल र

ण. बैठकका कारबाही किताबहरु।

### १६. विविधः

यस दिग्दर्शन प्रचलित ऐन, नियम तथा कानूनसँगबाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ, मन्त्रालयलेदिग्दर्शनलाई समयानूकुल संशोधन गर्न सक्नेछ।

## अनुसूची -१

## <u>पहिलो प्रारम्भिक भेलाको निर्णयहरूको ढाँचा</u>

मिति ..................... का दिन हामी तपसिलका व्यक्तिहरुले सहकारी संस्था खोली सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर उठाउने अभिप्रायले श्री ............. .....को अध्यक्षतामा पहिलो प्रारम्भिक भेलागरी तपसिल बमोजिमका विषयहरुमा गहन छलफल एवं सान्दर्भिक निर्णय गरियो।

<u>तपसिल</u>ः

| सि.न. | नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

<u>प्रस्तावहरु</u>ः

१. संस्था गठन गर्ने
२. स्थाको नाम र ठेगाना राख्ने
३. उद्देश्य र कार्य तय गर्ने
४. कायक्षेत्र निर्धारण गर्ने
५. शेयर र प्रवेश शुल्कको रकम तोक्ने
६. तदर्थ सञ्चालकसमिति गठन गर्ने
७. संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदन, आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको हकमा परिचालन निर्देशिकाको मस्यौदा गर्ने ।
८. शेयर प्रवेश शुल्क वापत उठेको रकमबैकमा जम्मा गर्ने
९. स्व-घोषण गर्ने
१०. दर्ता गर्ने अधिकारीसँगराय परामर्श लिने,
११. पुर्व सहकारी शिक्षा कक्षा चलाउने
१२. विविध

<u>निर्णयहरु</u>ः

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा सहकारी दर्शन, सिद्धान्त मुल्य मान्यता र बिधि अनरुप एक जुट भएर स्वालम्बन पारस्परिकता वृद्धि गर्दै आफ्नो आर्थिक सामाजिक जीवन स्तर उठाउन विभिन्न व्यावसायिक सेवाहरु एवं सशक्तीकरण कार्यहरु सञ्चालनार्थ सहकारी ऐन नियम बमोजिम ..... सहकारी संस्था दर्ता गर्ने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं २ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको नाम श्री.....सहकारी संस्था लिमिटेड राख्ने निर्णय गर्दै ठेगाना...... राखी दर्ता भएपछि कार्यालय स्थापना गर्ने निर्णय गरियो।

निर्णय नं ३

सदस्यहरुको व्यक्तित्व विकास, व्यवसायीक विकास र सामूदायिक विकासका उद्देश्य र तदनुसारका कार्यहरु विनियमा उल्लेख गर्ने निर्णय गरियो।

निर्णय नं ४

प्रस्ताव ४ माथि छलफल गर्दा प्रस्तावित .....सहकारी संस्थाको कार्यक्षेत्र ........जिल्लाको ...... महानगरपालिका /उपमहानगरपालिका/नगरपालिकाको/ गाउँपालिकाको वडा नं... राख्ने निर्णय गरियो

निर्णय न ५

प्रस्ताव न. ५ माथि छलफल गर्दा प्रस्तावित ....... सहकारी संस्थाको प्रति शेयरमुल्य रु. .......र प्रवेश शुल्क वापतको रकम रु.......राख्ने निर्णय गरियो।

निर्णय नः ६

प्रस्ताव नम्बर ६ का सम्बन्धमा आजको भेलाबाट प्रस्तावित..... सहकारी संस्थाको तदर्थ सञ्चालक समिति देहाय बमोजिमको गठन गर्ने प्रस्ताव पारित गरियो :

| सि.न | पद | नाम थर |
|---|---|---|
| १ | अध्यक्ष | |
| २ | उपाध्यक्ष | |
| ३ | सचिव | |
| ४ | कोषाध्यक्ष | |
| ५ | सदस्य | |

६ सदस्य

७ सदस्य

निर्णय नं ७

प्रस्ताव न. ७ माथि छलफल गर्दा यस सहकारी संस्थालाई विधिवत् दर्ता गरी सञ्चालन गर्न आवश्यक पर्ने सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार पार्न, कार्ययोजना तर्जुमा गर्न र विनिय आर्थिक, प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका बनाउनको लागि तपसिल बमोजिमका व्यक्तिहरु रहने गरी मस्यौदा, अध्ययन वा तर्जुमा समितिहरु गठन गर्ने र समितिले मिति २०............. मा हुने दाश्रो भेलामा आ आफ्नो मस्यौदा पेश गर्ने निर्णय गरियो।

**क. विनियम मस्यौदा समिति**

श्री..............................सयोजक

श्री..........................सदस्य .

श्री......................... सदस्य

श्री............................ सदस्य

श्री.........................सदस्य सचिव

**ख. कार्ययोजना तर्जुमा समिति**

श्री..............................सयोजक

श्री..........................सदस्य .

श्री......................... सदस्य

श्री............................ सदस्य

श्री.........................सदस्य सचिव

**ग.सम्भाव्यता अध्ययन समिति :**

श्री..............................सयोजक

श्री..........................सदस्य .

श्री......................... सदस्य

श्री............................ सदस्य

श्री.........................सदस्य सचिव

**घ. आर्थिक प्रशासनिक नियमावली मस्यौदा समिति**

श्री..............................सयोजक

श्री..........................सदस्य .

श्री......................... सदस्य

श्री.......................... सदस्य

श्री........................सदस्य सचिव

**ङ बचत परिचालन निर्देशिका मस्यौदा समिति**

श्री.............................सयोजक

श्री.........................सदस्य .

श्री........................ सदस्य

श्री.......................... सदस्य

श्री........................सदस्य सचिव

निर्णय नं. ८

प्रस्ताव नं ८ का सम्बन्धमा संस्था दर्ता गर्ने प्रयोजनका लागि सम्पूर्ण सदस्यहरुबाट प्राप्त शेयर वापतको रकम रु...... र प्रवेश शुल्क वापतको रकम रु ............गरी जम्मा उठेको रकम रु ... (अक्षरेपी रुपैया) संस्था दर्ता भए पश्चात संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने गरी हालका लागि संस्थाका तदर्थ समितिका .............श्री.......... लाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थाका सदस्यहरुको स्वघोषण तयार गरी मिति २०...... मा हुने दोस्रो भेलामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा तदर्थ सञ्चालक समितिका अध्यक्ष र यथाशक्य मस्यौदा समितिहरुका संयोजकहरु सबै जना मस्यौदा कार्य थाल्नु अगावै दर्ता गर्ने अधिकारी सँग भेटी पूर्वपरामर्श गर्ने तय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं ११ माथि भएको छलफलबाट दर्ता गर्ने अधिकारीका तर्फबाट स्रोत व्यक्तिहरु मिल्ने सम्भावना समेत हेरी दोस्रो प्रारम्भिक भेला नराख्दै पूर्वसदस्य कक्षा राख्ने टुङ्गोमा पुगियो।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा संस्थाको दोस्रो भेला मिति २०..............मा गर्ने निर्णय गरियो। आजको यस भेलाले सहकारी संस्था खोल्ने सम्बन्धमा महत्वपूर्ण निर्णय गरेको हुँदा उपस्थिती सहभागीलाई भेलाको

अध्यक्षबाट धन्यवाद ज्ञापन गरियो। साथै सबै जना मन, वचन र कर्मले एकजुट भएर सहकारी माध्यमबाट अघि बढने सङ्कल्पका साथ यो प्रारम्भीक भेला समापन गरियो।

## अनुसूची-२

## दोस्रो प्रारम्भिक भेलाको निर्णयहरुको नमुना

मिति २०.......... का दिन हामी तपसिलका व्यक्तिहरुको उपस्थितिमा प्रस्तावित ....... सहकारी संस्थाको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री .........को अध्यक्षतामा दोस्रो भेला बसी विविध विषयहरु माथि गहन छलफल गरी सान्दर्भिक निर्णय लिइयो।

तपसिल :

| सि.न | नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

प्रस्तावहरु :

१. मस्यौदा विनियम पारित गर्ने।
२. कार्ययोजना एवंसम्भाव्यता अध्ययन सम्बन्धमा।
३. संस्था दर्ता गर्ने अधिकार प्रत्यायोजन।
४. संस्था दर्ता पश्चात शेयर र सदस्य प्रवेश शुल्क वापत उठेको रकम बैङमा खाता खोली जम्मा गर्ने तथा सञ्चालन गर्ने,स्वघोषणा पत्रमा सहीछाप गर्ने।
५. आर्थिक तथा प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका तयार गर्ने र
६. विविध।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा प्रस्तावित .......सहकारी संस्था लि. को विनियम बनाउनको लागि मिति............. मा श्री ......... को संयोजकत्वमा गठित समितिले तयार गरेको मस्यौदा माथि भेलामा व्यापक छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णयका साथै विनियमको प्रत्येक पानामा तदर्थ सञ्चालक समितिका सदस्यहरुका साथै अटेसम्म सबै जनाले हस्ताक्षर गर्ने निर्णय समेत गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा तर्जुमा समितिहरुले पेश गरेको कार्ययोजनाको प्रारुपका साथै सम्भाव्यता अध्ययन प्रतिवेदनमा सम्बन्धमा छलफल गरी सर्वसम्मतिले पारित गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रस्तावित ........सहकारी संस्था लि. दर्ता गर्ने सिलसिलामा सबै सदस्यहरु सम्बन्धित निकायमा उपस्थित भएर कार्य गर्न विभिन्न व्यावहारिक कठिनाईले गर्दा संस्था दर्ता गर्न एवं विनियम लगायतका अन्य कागजजातहरु आवश्यक सामान्य थपघट गर्ने प्रमाणित गर्नको लागि तदर्थ सञ्चालक समितिका .......श्री ................श्री...............र ..................... श्री .....................समेतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस संस्थाका सदस्यहरुबाट उठेको शेयर तथा प्रवेश शुल्क वापत रकम हाल तदर्थ सञ्चालक समितिका... श्री ................को जिम्मामारहेको संस्थामा दर्ता भए पश्चात बैंकमा तदर्थ सञ्चालक समितिका अध्यक्ष र कोषाध्यक्षको संयक्त दस्तखतबाट सञ्चालन हुने गरी संस्थाको नाममा खाता खोल्ने नर्णय गरियो।

निर्णय नं. ५

यस सम्बन्धमा तदर्थसञ्चालक समितिका तर्फबाट पेश भएको स्वघोषणापत्रको व्यहोराको मस्यौदा उपर छलफल गरी सर्वसम्मतिले पारित गरेर सबै जनाले सहिछाप गर्ने निर्णय गरियो।

निर्णय नं. ६

मस्यौदा समितिहरुले पेश गरेका संस्थाका आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको हकको बचत परिचालन निर्देशिका उपर व्यापक छलफल गरी पारित गरियो।

अनुसूची-३

<u>संघ/संस्था दर्ता कितावको नमुना</u>

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

| दर्ता नं. | निर्णय मिति | संस्था को नाम र ठेगाना | संस्था को किसीम | सदस्य सङ्ख्या | | | | संघमा आवद्ध संस्थाको सङ्ख्या | जम्मा प्राप्त शेयर पूँजी रु | जम्मा प्राप्त प्रवेश शुल्क रु | अध्यक्ष को नाम थर | दर्ता गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | अन्य | जम्मा | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## अनुसूची-४

## सहकारी संस्थाको विनियमको नमुना

**प्रस्तावना:**सहकारी सिद्धान्त, मुल्य र मान्यताहरु अवलम्वन गरी सदस्यहरुमा स्वालम्बन र पारस्परिकताको भावनालाई बढवा लिएर आफ्नो आर्थिक एवं शैक्षिक उन्नतिका लागि आवश्यक स्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरुको बन्दो बस्त आफैले मिलाएर परिश्रम समानता र समताका मापदण्डमा समूदायको आर्थिक तथा सामाजिक उन्नयन गर्दैसहकारी सभ्यताको विकासमा समेत सहायता पुऱ्याउन ................सहकारी संस्थाको स्थापना गर्न प्रदेश नं. ५, सहकारी ऐन, २०७६ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मिति............कोप्रारम्भिक भेलाले यो विनियम बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

२. **संस्थाको नाम र ठेगानाः**

३. **परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस विनियम :-

(क) "ऐन" भन्नाले प्रदेश नं. ५ सहकारी ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले प्रदेश नं. ५, सहकारी नियमावली, २०७६ सम्झनुपर्छ।

(ग) "दर्ता गर्ने अधिकारी" भन्नाले प्रदेश नं. ५ सहकारी ऐन, २०७६ को दफा ........बमोजिम तोकिएको दर्ता अधिकारी सम्झनु पर्छ र सो शब्दले निजबाट अधिकार प्राप्त अधिकृत समेतलाई जनाउँछ।

(घ) "संस्था" भन्नाले श्री ........लिमिटेड सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नालेनियम बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(च) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्छ।

(छ) "उप क्षेत्रीय बैठक" भन्नाले संस्थाका सदस्यहरुको बैठक सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ३४ बमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनु पर्छ।

(झ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ। सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ।

(ञ) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

(ट) “व्यवस्थापक”भन्नाले दफा ४४ बमोजिम नियुक्त संस्थाको व्यवस्थापक सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्थाको उद्देश्य, कार्य र कार्यक्षेत्र

**४. उद्देश्यः**

**५.कार्य** : (१) ..........................

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम कुनै निकायको स्वीकृति लिनु पर्ने सेवा वा व्यवसायको हकमा संस्थाले सम्बन्धित निकायको स्वीकृति लिएपछि मात्र प्राप्त स्वीकृतिको शर्त बन्देज अन्तर्गत रही त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्नेछ।

**६.कार्यक्षेत्रः**संस्थाको कार्यक्षेत्र ...........जिल्ला.................पालिकाको वडा नं. ... रहनेछ।

## परिच्छेद-३

## सदस्य

**७.संस्थाको सदस्यता :**

(१) देहायका प्राकृतिक व्यक्तिहरु संस्थाको सदस्य हुनेछन।

(क) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरु र

(ख) दफा (८) बमोजिम योग्यता पुगेका तथा (दफा ९) बमोजिम सदस्यता वा दफा(१३) बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरु।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार वा स्थाथीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारका पूर्ण स्वमित्व भएका निकायहरुले दफा १७ बमोजिम संस्थाको शेयर खरिद गरी सदस्य हुन सक्ने छन।

**८. सदस्यताको योग्यता :**

(१) संस्थाको सदस्यता प्राप्त गर्न देहायका योग्यता हुनुपर्नेछ

(क) नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको

(ख) संस्थाको कार्यक्षेत्र भित्र स्थायी रुपमा बा कम्तीमा दुई वर्ष देखि नियमित रुपमा बसोबास भएको

(ग) संस्थाको मुख्य व्यववसयिक सेवा आवश्यक हनाको साथै उपयोग गर्न सक्ने अवस्था भएको

(घ) संस्थासँग प्रतिस्पर्धा हुने गरी संस्थाको कार्ययोजनामा गर्ने भनिएको कारोवार नभएको।

(ङ) यस विनियममा उल्लेख भएबमोजिम सदस्यको उत्तर दायित्व बहन गर्न स्वीकार गरेको र

(च) समान प्रकृतीको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भएता पनि सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यताको योग्यता नपूगेको मानिन्छ।

**९. सदस्यताको लागि निवेदन र प्राप्ती**

**१०.सदस्यताको अन्त्य**

**११. सदस्यको निष्कासन**

**१२. सदस्यताबाट राजिनामा**

**१३. पुनः सदस्यता**

**१४.सदस्यको काम कर्तव्य र अधिकार**

**१५. सदस्यता खुला रहने**

**१६. सदस्यता प्राप्ति पुनः प्राप्ति र राजिनामा स्वैच्छिक हुनुपर्ने**

## परिच्छेद-४

## <u>पुँजी परिचालन</u>

**१७ शेयर पुँजीः**

(१) संस्थाको सेवा सञ्चालनका लागि आवश्यक रकम सदस्यहरुले दफा १८ बमोजिम सदस्यताको शर्तस्वरुप र दफा १९ बमोजिम स्वच्छाले खरिद गरेको शेयर वापतको पूँजीको रुपमा जुटाईनेछ।

(२) संस्थाको एक शेयरको मुल्य रु.१००।–(रुपिया एक सय) हुनेछ

(३) संस्थाले दफा ७ को उपदफा (२) मा उल्लेख गरिए बमोजिम सदस्य बन्न इच्छुक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारका पूर्ण स्वामित्व भएका निकायहरुलाई शेयर बिक्री गर्न सक्नेछन। तर अन्य कुनै कृत्रिम व्यक्तिलाई शेयर बिक्री गर्ने छैन।

**१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नपर्ने**

**१९.थप शेयर खरिद गर्न सक्ने**

२०. शेयर फिर्ता वा हस्तान्तरण

२१. प्रवेश शुल्क

२२. कृत्रिम छेकबार नलगाईनेः

(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ८ को उपदफा १) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा १८ बमोजिम खरिद कम्तीमाएक शेयर खरिद गर्ने वा दफा २१ बमोजिम बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपारिक रुपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको बाहानामा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरित कृत्रिम छेकवार लगाईने छैन।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफलाई कृत्रिम छेकवार लगाइएको भन्ने लागेमा साधारण सभा वा दर्ता अधिकारी समक्ष उजुरी दिन सक्नेछ।

२३.शेयर प्रमाण–पत्र

२४.सदस्यको दायित्व सिमित हुने

## परिच्छेद-५

## साधारण सभा

(एकै कार्यस्थलको श्रमिक संस्था एकै चक्ला पाखा वा फाँटको सहकारी खेती संस्था अथवा एउटै वडा भित्र पनि एक मात्र पाएकमा पर्ने र २१० जना भन्दा बढी सदस्यता विस्तारको सम्भावना पनि नभएको संस्थाको हकमा दफा ३१, ३२ र ३३ आवश्यक नभए झिकी दफा क्रम मिलाउनु पर्ने)

२५. प्रारम्भिक साधारण सभा

२६. वार्षिक साधारण सभा

२७. विषेश साधारण सभा

(१) ऐन तथा नियमावलीमा उल्लेख भए भए बमोजिमको अवस्था र विधि अनुसार संस्थाको विषेश साधारण सभा वस्नेछ।

(२) उपदफा (१) को अवस्थाको साथै संस्थाको कार्यसञ्चालनका सिलसिलामा जुनसुकै महत्वपूर्ण निर्णय गर्नुपर्ने वा त्यस्तो निर्णयका लागि आवश्यक लेखाजोखा बा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्धान्तिक स्वीकृति वा मार्ग दर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ।

२८. साधारण सभाको बैठक

(१) साधारण सभाको बैठक डाकिएको समयमै प्राप्त गर्ने गरी एस.एम.एस.,एफ एम. रेडियो, पत्रपत्रिका लगायत सम्भव भए सम्म स्थानिय सञ्चार बहु माध्यमबाट दिनुपर्ने छ।

(२) सधारण सभाको वैठकमा सदस्यहरु साक्षात उपस्थित हुनुपर्ने छ।

(३) समितिले साधारण सभाको बैठकमा पेश गर्ने विषयको प्रस्तावका साथै निर्णय पुग्न सहयोगी कागजात सदस्यहरुलाई बैठक बस्ने दिन अगावै उपलब्ध गराउनु पर्छ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउन पर्छ।

(४) साधारण सभाको बैठकमा उद्घाटनको कार्यक्रम राख्न हुदैन तथा विचार विमर्शका लागि पर्याप्त समय छुट्याउनु पर्छ तर यसमा लेखिएको कुनै कुराले संस्था स्थापना दिवसको अवसरमा उद्घाटनको कार्यक्रम राख्न वाधा पर्ने छैन।

(५) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरुका साथै समितिको कुल सदस्यता संख्या भन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साभारण सदस्यहरु मध्येबाट चुनेका सदस्यहरुले प्रत्यक पानामा सहिछाप गरी प्रमाणित गर्नु पर्छ।

(६) ऐन तथा नियमावलीको व्यवस्था अनुसार सदस्य संख्या दुई हजार नाघे पछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडाको पायकको स्थान स्थानमा समान कार्यसुची राखेर साधारण सभा बोलाउदा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सपरिवेक्षण समितिका पदाधिकारीहरु सबैलाई उपस्थितका लागि बोलाउनपर्छ।

(७) उपदफा (६) मा उल्लिखित अवस्थामा सबै बैठकहरुको अध्यक्षता गर्ने व्यक्तिहरूको समितिका पदाधिकारीहरुका जम्मा संख्याको कम्तीमा दोब्बर संख्या पुग्ने गरी प्रत्येक बैठकबाट कम्तीमा तीन जनाको दरले चुनिएका प्रतिनिधिहरूले साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा जम्मा भएर प्रत्येक पानामा सहिछापगरी बैठकको निर्णय प्रमाणित गर्ने छन्।

(८) उपदफा ६ को अवस्था प्रत्येक बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र उपदफा (७)बमोजिम चुनिएका प्रतिनिधिहरुले प्रतिनिधिहरुले प्रत्येक पानामा सहिछाप गरी प्रमाणित गर्नेछन।

(९) उपदफा (५) मा जुनसकै कुरा लेखिएको भएता पनि सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालकमा वा लेखा समितिका पदधिकारीहरुले उपदफा (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नुपर्ने आवश्यक हुनेछैन।

(१०) साधारण सभाको बैठकको कार्यविधि सम्बन्धमा अन्य व्यवसाय दर्ता गर्ने अधिकारीले तोकिए बमोजीमको हनेछ।

**२९. साधारण सदस्यको काम, कर्तव्य र अधिकार**

**३०. साधारण सभाको निणर्य अनिवार्य हुनेः** यस विनियम अन्यत्र जुनसकै कुरा लेखिएको भएता पनि देहाएको विषयमा साधारण सभाको निणर्य अनिवार्य हुनेछ :-

(क) संस्थाको कार्य सञ्चालनको लागि कर्मचारी प्रशासन, परामर्श दाता नियुक्ति, आर्थिक प्रशासन लगायतका कायविधिहरु स्वीकृत गर्ने

(ख) संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय वास्थानीयतह, अन्य सहकारी संघसंस्था,गैर सरकारी सङ्गठनसँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निर्णय लिने,

(ग) निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यावसायिक सम्झौता गर्नु पर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत तोकी पूर्व–स्वीकृति दिने,

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दीर्घकालीन दायित्व सृजना गर्ने।

(ङ) बचत तथा ऋणको व्याजदर निर्धारण गर्ने

(च) लेखा परिक्षकको नियुक्ति गर्ने वा पारिश्रमिक तोक्ने

(छ) वार्षिक कार्यक्रम वजेटको साथै जुनसकै योजना नीति र रणनीति पारित गर्ने र

(ज) सञ्चालक वा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरुलाई वैदेशिक सभा, व्यपार मेला वा अवलोकन भ्रमणमा पठाउने।

**३१. टोल उपक्षेत्रीय बैठकः**

(१) संस्थाका समस्त क्रियाकलापमा साधारण सदस्यहरु सबैको नियमित रुपमा प्रत्यक्ष एवं रचनात्मक सहभागिता सुगम बनाउन कायक्षेत्र अन्तर्गत साधारणतया ३० जना भन्दा बढी सदस्य पर्ने पायकको गाउ टोल वा उप क्षेत्रमा सङ्कलन वितरण वा परिचालन सेवा संयोजकको विन्दु पारेर साधारण सभा बाट तोकिए अनुसार सात (७) वटा उपक्षेत्रकायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको प्रत्येक टोल उपक्षेत्रीयबैठकका कार्यहरु सबै जना स्वतःसहभागी हुनेगरी सदस्य सहभागिताको विस्तारित मञ्चको रुपमा टोल उपक्षेत्रीय बैठक रहनेछ

**३२. टोल उपक्षेत्रीय बैठकका कार्यहरुः**

(१) टोल उपक्षेत्रीय बैठकका कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) सदस्यहरुका आथिक उन्नयनका लागि समस्या तथा सम्भावनाहरुको सहभागितामूलक लेखाजोखा गरेर व्यावसायिक योजना तर्जुमा गरी संस्थामा पठाउने,

(ख) सदस्यहरुका साथै समुदायका सबैले सामना गर्न परिरहेको सामाजिक जीवन विकास र संरक्षण तर्फका साझा समस्याहरुको सम्बोधनका लागि सरोकारवालाहरुसँग मिलेर कार्ययोजनाहरु तर्जुमा एवम् कार्यन्वयन व्यवस्था मिलाउने,

(ग) शिक्षा शिविर लगायतका शैक्षिक एवं जनचेतनामूलक गतिविधिहरु विस्तार गरेर समूदायमा सहकारी जागृती ल्याउने,

(घ) सस्थाको सेवाहरुको सञ्चालनमा क्रियाकलाप केन्द्रको रुपमा कार्यस्रोत तथा साधक लिएर सक्रिय भूमिका खेल्ने,

(ङ) नेपाल सरकार प्रदेश सरकारका निकायहरु र गैरसरकारी सङ्गठनहरुबाट प्राप्तहुने सेवाहरूमा उनीहरुको पहुँच दिलाउन संस्था मार्फत प्रदायकहरुसँग सम्पर्क स्थापना बैठकमा आमन्त्रण सहकार्यको प्रस्ताव समेतका पहलकदमी लिने,

(च)समुदायका विपन्न सदस्यहरु सम्म सदस्यता विस्तार गर्नका साथै संस्था तथा सम्बन्धित प्रदायकहरुबाट प्राप्त हुने सेवाहरुमा उनीहरुको पहुँच स्थापित गराउने,

(छ) संस्थाको नेतृत्व पङ्क्तिीले अपेक्षा अनुसार कार्य गरे नगरेको बहस चलाएर विचलनहरुमा खवरदारी गर्ने,

(ज) आफ्नै प्रयासबाट जीविकोपार्जनका आधारहरु फराकिला पार्न सकिन्छ भन्ने खालका रचनात्मक अभ्यासहरुबाट पहिचान बनाउने र

(झ) यस विनियमका व्यवसायका साथै साभारण सभाबाट भएका निर्णयहरुको कार्यन्वयन एवं सोको सिलसिलामा आवश्यक अन्य कार्यहरु गर्ने।

(२) समितिले संस्थाको रणनीति,व्यावसायिक योजना वा कार्यक्रम बजेट तर्जुमा गर्दा टोल उपक्षेत्रीय बैठक बाट प्राप्त बैठकबाट प्राप्त प्रतावहरुमा ध्यान दिनुका साथै आमरुपमा सदस्यहरुलाई असर पर्ने खालको कुनै प्रस्तावको मस्यौदामा टोल उपक्षेत्रीय बैठकको प्रतिक्रियाको विवरण समेत खुलाएर साधारण सभामा पेश गर्नुपर्नेछ।

**३३ टोल उपक्षेत्रीय बैठकको कार्य व्यवस्था**

(१)टोल उपक्षेत्रीय बैठकको कार्यव्यवस्था मिलाउने देहाय बमोजिमको संयोजकसमिति रहनेछ :-

(क) **दफा ३४** बमोजिम टोल उपक्षेत्रीय बैठकको प्रतिनिधित्व गर्ने समितिको सदस्य– सयोजक

(ख) सदस्यहरु मध्येबाट निर्वाचित –कोषाध्यक्ष

(ग) सदस्यहरु मध्येबाट निर्वाचित दुई जना –सदस्य

(घ) सदस्यहरु मध्येबाट निर्वाचित –सचिव

(२) उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्दा उपलब्ध भएसम्म कम्तीमा दुईजना महिला हनुपर्नेछ।

(३) टोल उपक्षेत्रीय बैठक प्रत्येक महिना कम्तीमा दुई जना महिला हुनुपर्नेछ।

(४) टोल उपक्षेत्रीय बैठकमा अन्तगतका सबै सदस्यहरुलाई अनिर्वाय रुपमा बोलाउनु पर्नेछ। तर यसमा लेखिएको कुनै कुराले बैठकको कार्यसूची तयार पार्ने वा निर्णय कार्यन्वयन गर्ने सिलसिलामा संयोजन समितिका सदस्यहरु मात्र बसी बैठक राख्न बाधा पर्ने छैन।

(५) टोल उपक्षेत्रीय बैठकको गणपुरक सङ्ख्या एकाउन्न (५१) प्रतिशत हुनेछ र उपस्थित सदस्यहरुको बहुमतबाट जनसुकै निर्णय गर्न सकिनेछ।

## परिच्छेद–६

## प्रतिनिधिमूलक अङ्गहरु

**३४. सञ्चालक समितिः**

(१) संस्थाको दैनिक कार्यसञ्चालनका लागि साधारण सभाले एक/एक(१/१) जना अध्यक्ष उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेत जम्मा एघार (११) जनाको सञ्चालकसमिति गठनगर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा, अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको निर्वाचन साधारण सभाका सम्पूर्ण सदस्यहरु मध्येबाट र बाँकी सदस्यहरुको निर्वाचन **दफा ३१** को उपदफा (१) बमोजिम कायम हुने उपक्षत्रिय प्रत्येकबाट एक(१) जना पर्ने गरी सम्बन्धित उपक्षेत्र भित्रका सदस्यहरु मध्येबाट गरिनेछ। तर संस्था दर्ता भएकै वर्ष बाहेक कनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतित नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन।

(३) उपदफा बमोजिम निवाचन गर्दा उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीन (३) वटा फरक टोल उप निम्नहरुबाट महिला सदस्यहरु मध्येबाट मात्र उम्मेदवार बन्ने साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये समेत प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरु मध्येबाट मात्र उम्मेदवार बन्ने गरी साधारण सभाले निर्णय गर्नेछ।

(४)सञ्चालकहरुको पदावधि चार वर्ष हुनेछ तथा उनीहरु पूनः निर्वाचित थप एक कार्यकालका लागि सक्नेछन।

(५)सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि उपर्निवाचनबाट पूर्ति गरिनेछ।

(६) उपदफा (५) बमोजिम उपनिर्वाचन गर्दा उपदफा (३) बमोजिम महिला सदस्यहरु मध्येबाट उम्मेदवार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ।

(७) नयाँ समितिको निर्वाचन नभए सम्मम मौजुदा समितिलेनै कार्य गर्ने। माथि **परिच्छेद (५) अन्तर्गत उल्लिखित कारणले दफा ३१, ३२ र ३३** आवश्यक नपर्ने संस्थाको हकमा उपदफा (२) झिक्नुका साथै (३)मा पनि तदनुसार संशोधन गरी मिलाउनु पर्नेछ।

**३५. समितिको काम कर्तव्य र अधिकार**

**३६. समितिको बैठक**

**३७.लेखा सुपरिवेक्षण समिति**

(१) नियमित रुपमा संस्थाको आन्तरिक लेखापरीक्षणका साथै आर्थिक कार्यविधिहरुको पालनाबाट संस्थामा वित्तीय सुशासन मायम गराउन साधारण सभाले एक जना संयोजक दुई जना सदस्यहरु रहेको लेखा परीक्षण समिति गठन गर्नेछ।

(२) उपदफा १ बमोजिम लेखा सुपरिवेक्षण समिति गठन गर्दा साधारण सभाका सम्पूर्ण सदस्यहरुबाट निर्वाचन गरिनेछ।

(३) लेखासपरिवक्षण समितिका संयोजकावासदस्यहरुको पदवधि तथा रिक्त पदपूर्ति व्यवस्था सञ्चालक सरह हुनेछ।

**३८. लेखा सुपरिवेक्षण समितिको काम कर्तव्यर अधिकार**

**३९.समिति वा लेखा परीक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था**

**४०. उपसमितिहरुको गठन**

**४१. प्रतिनिधित्व**

## परिच्छेद-७

## कार्यसञ्चालन

**४२. उत्तरदायित्व शृङ्खलाः** संस्थाको कार्यसञ्चालनमा नियुक्त कर्मचारीहरु निर्वाचित समितितर्फ र निर्वाचित प्रतिनिधिहरु साधारण सभा तर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व शृङ्खला कायम गरिनेछ।

**४३. अध्यक्षको काम, कर्तव्य र अधिकार**

**४४. व्यवस्थापकको नियुक्ती**

**४५. व्यवस्थापकको काम, कर्तव्य र अधिकार**

**४६. विशेष जिम्मेवारी** :समिति, अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धिकरण निवारण कानून अन्तर्गत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने गराउने विषेश जिम्मेवारी समेत बहन गर्नु पर्नेछ।

**४७. कर्मचारीको नियक्ति तथा सेवाका शर्त**

## परिच्छेद-८

## कोषको व्यवस्था

**४८. संस्थाको कोष**

**४९. कोषको सुरक्षा**

**५०. कोषको उपयोग**

(१) संस्थाको कोषको उपयोग ऐन नियमावली तथा यस विनियमका व्यवस्थाहरुको अधिनमा रही संस्थाका उद्देश्यहरु झसिल गर्ने गरी कार्यहरुको सञ्चालनका लागि गरिनेछ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको शेयर खरिद गर्न वा निजि फर्म, विद्यालय, कलेज,नसिङ होम वा नाफामा सहभागी हुने खालको उद्योग व्यवसाय वा अन्य आयोजनामा लगाईने छैन।

**५१. खाता सञ्चालनः**

**५२. बचतको विवरण :**

(१) संस्थाको कुनै वर्षको खुद नाफा रकमबाट कम्तीमा (पच्चिस) २५ प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बाँकी रकम लाई सतप्रतिशतमानि संरक्षित पूजी कोष कम्तीमा २५ प्रतिशत र सहकारी प्रवद्र्धन कोष ०.५ प्रतिशत जम्मा गरी बाँकी रकमलाई सतप्रतिशत मानी निम्न कोषमा कम्तिमा ५ प्रतिशत व्यवस्था गरि विभाजन गर्नुपर्ने छ ।

(क) शेयर लाभांश कोष ....... प्रतिशत,

(ख) सहकारी शिक्षा कोष ............. प्रतिशत,

(ग) कर्मचारीको वोनस कोष ............... प्रतिशत,

(घ)सामूदायिक विकास कोष............... प्रतिशत,

(ङ) घाटा पूर्ति कोष ............ प्रतिशत,

(च) अन्य जोखिम व्यवस्था कोष ............. प्रतिशत,

(छ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष ......... प्रतिशत (बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले छुट्याउन सक्ने)

**५३. जगेडा कोष**

**५४. संरक्षित पूजी फिर्ताः**दफा ५२ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कोषबाट नियमावली बमोजिम कारोवारको आधरमा संरक्षित पुँजी फिर्ता गरिनेछ।

**५५. लाभांश वितरण नगरिनेः** कुनै वर्षको शेयर लाभाशं दफा ५२ को उपदफा (२) को खण्ड ग) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकम भन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको शेयरको रकमको १८ प्रतिशत भन्दा बढी हुने गरी वितरण गरिने छैन।

**५६. जगेडा कोषमा रकम सार्न पर्ने**

## परिच्छेद-९

## बचत परिचालन

(बचत तथा ऋणको विषयगत संस्था वाहेक कुनै पनि उपभाक्ता संस्थाले बचत परिचालन गर्न नसक्ने हँदा स्वास्थ्य, उपभेक्ता पसल जलविद्युत् लगायतका उपभोक्ता संस्थाहरु र दफा ५ मा बचत सङ्कलन गर्ने कार्य नभएका उत्पादक वा श्रमिक सूंथाहरुको हकमा समेत यो परिच्छेद पूरै झिकेर परिच्छेद एवं दफा क्रम मिलाउनु पर्ने)

**५७. बचत सङ्कलन गर्न सक्नेः**

(१) संस्थाले ऐन नियमावली, यस विनियमका व्यवस्था र साधारण सभाबाट स्वीकृत बचत परिचालन निर्देशिका शर्त बन्देज अन्तर्गत सदस्यहरुबाट बचत संकलन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बचत परिचालन निर्देशिकामा अन्य कुराका अतिरिक्त **दफा ५८, ५९, ६०,६१ र ६२** का व्यवस्थाका साथै देहायका शर्त बन्देजहरु समावेश गरिनेछन् :-

(क) योजनाको उद्देश्यहरुअनुरुप अड्को फड्कोटारी ऋण ग्रस्त हुनबाट बच्नुका साथै पाँच/सात ७ बर्ष भित्र जेथा जोड्न सक्ने बन्ने हनु पर्ने,

(ख) सदस्यहरुबाट मात्र बचत सङ्कलन गर्नुपर्ने,

(ग) सदस्यहरुको बचत खाता मात्र खोल्न सकिने,

(घ) ऐन बमोजिम तोकिएको सन्दर्भ व्याजदर अनुसार बचत तथा ऋणको व्याजदर निर्धारण हुने र

(ङ) ऋणमा व्याज पुँजीकरण नगरिने तथा व्याज गणना गर्दा तिर्न बाँकी सावा रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ३ प्रतिशत सम्म हर्जना लिन सकिने। विषयगत बचत तथा ऋण संस्थाको हकमा खण्ड (ग) झिकी खण्ड क्रम मिलाउनु पर्ने।

**५८. बचत सङ्कलन सीमाः**

(१) संस्थाको जम्मा बचत दायित्व जनसुकै बखत प्रथमिक पूँजी कोषको ......... गुना भन्दा बढी हुने छैन। स्पष्टिकरण यस उपदफाको प्रयोजनका लागि प्रथमिक पूँजी कोषको गणना गर्दा शेयर पूंजीको रकममा जगेडा कोषको रकम जोडी हुन आउने रकमको ........ प्रतिशत लिइनेछ। विषयगत बचत तथा ऋण संस्थाको हकमा यो स्पष्टिकरण झिक्नुपर्ने।

(२) संस्थाको बचत दायित्वको रकम कुनै पनि वर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावली तोकिए बमोजिम वार्षिक सदस्यतर्फी खरिद वा बिक्रि कारोबारको रकम जोडी हुन आउने जम्मा कारोबारको ........ प्रतिशतभन्दा बढी हुने छैन। विषयगत बचत तथा ऋण संस्थाको हकमा यो उपदफा झिक्नु पर्ने।

**५९. ऋण दिन सक्ने** : (१)संस्थाले तरलताको लागि ............. प्रतिशत वा दर्ता गर्ने अधिकारीले तोकिएको अन्य कुनै सीमा सम्मको रकम छुट्याएर सदस्यहरुलाई देहायम बमोजिम ऋणको रुपमा दिन सक्नेछन्।

(क) सदस्यको व्यक्तिगत बचतको तीन गुणा सम्म आफ्नै बचतको सुरक्षणमा, र

(ख) सदस्यको व्यक्तिगत बचतको छ गुना सम्म सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरुको बचतको सुरक्षणमा तर यस उप दफा बमोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम रु ............. भन्दा बढी हुनेछैन।

(२) उपदफा १ मा जनसकै करा लेखिएको भएता पनि कनै सदस्यले समहको जमानी विना वा रु ........... भन्दा बढी रकम ऋण लिन चाहेमा चल–अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण शैक्षिक आवास, स्वास्थ्योपचार, रोजगारमूलक वा उत्पादक मूलक प्रयोजनको लागि मात्र हुनेछ। तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव घटना वा अन्य अड्को पड्को पर्दा उपदफा १) बमोजिम उपभोग, कर्म काण्ड, वा अन्य औचित्य पूर्ण प्रयोजनमा ऋण दिन वाधा पर्ने छैन।

(४) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि सदस्यता लिएर नियमित रुपमा जम्मा गर्न थालेको तीन (३) महिना व्यतित नहदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन।

(५) ऋण प्रवाहमा प्राथमिकतालगायतका अन्य व्यवस्था बचत परिचालन निदेशिकामा उल्लेख भएबमोजिम हुनेछ।

**६०. ऋण प्रवाहमा सीमाः**

(१) यस परिच्छेदमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि संस्थाबाट कुनै एक सदस्यलाई दफा ५९ को उपदफा (१) बमोजिम तरलता व्यवस्था पछिको लगानी योग्य रकमको आधा प्रतिशत भन्दा बढी ऋण दिन सकिने छैन। तर लगानी योग्य रकम रु............ लाख नपुग्दा सम्म यो नियम लागू हने छैन। उपदफा (१) को अधिनमा रहि कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा साधारण सभाले बेलाबेलामा तोकि दिए बमोजिम हनेछ।

**६१. ऋण बाहेकको प्रयोजनामा बचतको रकम लगाउन नहुनेः** संस्थाले सङ्कलन गरेको बचंतको रकम, दफा ५७ बमोजिम स्वीकृत बचत परिचालन निर्देशिका शर्त बन्देज अन्तंगत सदस्यहरुलाई दिने बाहेकको कुनै प्रयोजनमा लगाईनेछैन। तर यसमा लेखिएको कनै कुराले बचतको रकम तरलता वापत नगर्दै राख्न वा नेपाल राष्ट्रबैंकले जारी गरेको ट्रेजरी बिल वा विकास ऋण पत्र खरिद उपयोग गर्न बाधा पर्नेछैन।

**६२.साधारण सभाको स्वीकृति लिनु पर्नेः** समितिले देहायको विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मापदण्डको प्रतिकुल नहुने गरी साधारण सभाको स्वीकृत लिनुपर्नेछ :

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्ने, अपलेखन गर्नुपर्दा वा ऋणका शर्त बन्देजहरु फेर्नु पर्दा,

(ख) संस्थाको स्वप्रयोजनका लागि जग्गा घरलगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा

## परिच्छेद-१०

## कारोबारमा सीमाङ्कन

**६३. सदस्य केन्द्रीयता :** (१) संस्थाले देहाय बमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछ।

(क) सदस्यहरुको उत्पादनको सञ्चय, प्रशोधन एवं बजारीकरण व्यवसायमा बिक्री बजारमा जहाँसकै बाट गरेता पनि विक्रि सदस्यहरुलाई मात्र गरेर।

(ख) सदस्यहरुलाई आवश्यकताका चिजबिज वा सेवा सुलभ गराउने व्यवसायमा खरिद बजार जहाँसुकै बाट गरेता पनि बिक्री सदस्यहरुलाई नै गरेर।

(ग) स्वरोजगारी योजना अन्तर्गत कच्चा पदार्थ वा उत्पादित वस्तु बजार जहाँसुकै खरिद बिक्री गरेता पनि स्वरोजगारीको अवसर सदस्यहरुलाई मात्र दिलाएर।

(घ) बचत परिचालन सेवामा बचत सङ्कलन र ऋण लगानी दुबै पूर्णतया सदस्यहरुमै सिमित गरे

(यो उपदफाका खण्डहरु मध्ये श्रमिक संस्थाको हकमा (क) र (ख) उत्पादक संस्थाको हकमा (ख) र (ग) अनि उपभोक्ता संस्था मध्ये बचत तथा ऋण संस्थाको हकमा (क), (ख) र (ग) तथा अन्य उपभोक्ता संस्थाको हकमा (क), (ख) र (ग) झिकी खण्ड क्रम वा उपदफामा नै शताब्दी मिलाउनु पर्ने)

(२) उपदफा (१) मा जुन सकै कुरा लेखिएको भएता पनि गैर व्यावसायिक सेवाहरुमा सदस्य गैरसदस्य विच पहँचमा कुनै किसिमले विभेद गरिने छैन।

(३) सहकारी परम्परा अनुरुप विशेष अवस्थाका गैरसदस्यहरुलाई व्यावसायिक सेवाहरु प्रदान गर्नुपर्दा सदस्य र गैर सदस्य बिच प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमले मुल्यमा फरक गरिनेछैन। विषयगत बचत तथा ऋण संस्थाको हकमा यो उपदफा झिक्नु पर्ने।

**६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध :**

**६५. कर्मचारी सँगको कारोबारमा निर्बन्धनः** संस्थाका बर्मचारी र संस्था विचको कारोवार दर्ता गर्ने अधिकारीबाट जारी भएको निर्देशन बमोजिम र्निबन्धीत हुनेछ।

**६६. जोखिम मूल्याङ्कनः** संस्थाले सदस्यता प्रदान गर्दा वा कारोवार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धिकरण निवारण निर्देशन बमोजिम जोखिम मूल्याङ्कन गरिनेछ।

**६७. कारोबार नगरिने** : सम्पत्ति शुद्धिकरण निवारण कानून अन्तगत नियामक निकायबाट जारीभएको निर्देशनका व्यवस्था विपरित संस्थाबाट कसैसँग कुनै कारोबार गरिनेछैन।

## परिच्छेद-११

## अभिलेख

**६८.कारोबारको लेखाः** संस्थाको आर्थिक कारोबारको लेखा दर्ता गर्ने अधिकारीले तोकेका लेखामान एबम् खाता संरचना बमोजिम गखिनेछ।

**६९. खाता वही :**

**७०.आन्तरिक हिसाव जाँच :**

**७१. वार्षिक हिसाबजाँच :**

**७२. विद्युतीय लेखा प्रणालीको प्रयोग** : सस्थामा विद्युतीय लेखा प्रणालको प्रयोग गर्दा सम्पत्ति शुद्धिकरण जोखिम मव्याकन गरी दर्ता गर्ने अधिकारीको पूर्वस्वीकृति लिईनेछ।

**७३. अन्य आधारभूत कागजात :**

## परिच्छेद-१२

## प्रतिवेदन

**७४. एकीकत सूचना प्रणलीमा आवद्धता** : समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकिय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणलीमा एकीकृत गरी निरन्तर तृक्ष्ण (रियल टाइम) अद्यावधिककरण गर्ने व्यवस्था समेत मिलाउनु पर्छ।

तर यसमा लेखिएको कुनै कुराल संस्थाले प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन।

**७५. दर्ता अधिकारी समक्ष प्रतिवेदन :**

**७६. वित्तीय जान कारी एकाईमा प्रतिवेदनः** सम्पत्ति सुद्धिकरण निवारण कानून बमोजिम वित्तीय जानकारी एकाईमा प्रतिवेदन गर्नु पर्ने करोवारको प्रतिवेदन नियमित रुपमा निर्धारित समय भित्रै उठाईनेछ।

**७७.साधारण सभामा जनकारी गराउन पर्नेः** अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त बेहोरा सहितको जानकारी लगतै वस्ने साधारण सभामा सभामा गराउनु पर्ने छ।

(क) संस्थाले सदस्यता लिएको सञ्चबा वैङ्कबाट भएका निर्णयहरु
(ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैर वित्तीय सहयोगको रकम वा प्रतिवद्धता र
(ग) दर्ता गर्ने अधिकारी वा कानून बमोजिम नियामक निकायका तर्फबाट प्राप्त समाउ टिप्पणी वा निर्देशिका वा नीतिहरु।

**७८. सूचनाको हक तथा अग्रतापूर्ण खुलासा :**

**७९.सूचनाको संरक्षण :**

## परिच्छेद-१३

## विविध

**८०. हकवालाको मनोनयन :**

**८१. हकदावी वा नाम सारी :**

**८२.निर्वाचन :**

**८३.शपथ ग्रहण :**

**८४. एकीकरण वा विभाजन :**

**८५. कार्यन्वयन अधिकारीः** (१) समितिले सम्पत्ति शुद्धिकरण निवारण कानून बमोजिम अधिकृत स्तरको कर्मचारीको रुपमा कार्य गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यन्वयन अधिकारी नतोकिए व्यवस्थापकले नै कार्यन्वयन अधिकारीको रुपमा कार्य गर्ने छ।

**८६. मध्यस्थता :**

**८७. समानता र समता :** (१) संस्थाको कार्य सञ्चालनका समस्त प्रक्रियाहरुमा सदस्यहरु माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ।

(२) लैङ्गिक विभेदका कारण आमरुपमा न्युन भईरहेको नेतृत्व पङ्तीमा महिला उपस्थिति बढाउनका साथै सञ्चालकीय भूमिकामा अपाङ्गता भएका वालक्षित समूदायका सदस्यहरुलाई प्रोत्साहन दिन जोचाहिने समतामूलक व्यवस्थाहरु गरिनेछन्।

**८८. विनियम संशोधन :**

**८९.साधारण सभाले कार्य विधि बनाउन सक्ने :**

**९०. व्याख्या गर्ने अधिकार :**

**९१. ऐन नियामावलीसँग बाझिएकोमा अमान्य हुनेः**